नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# अन्तराष्ट्रिय दिगो पर्वतीय विकास वर्ष, २०२२ का सन्दर्भमा नेपालले मनाउन लागेका कार्यक्रमहरुबारे प्रेस विज्ञप्ति

संयक्त राष्ट्र संघले सन् २०२२ लाई अन्तराष्ट्रिय दिगो पर्वतीय विकास वर्षको रुपमा मनाउने निर्णय गरेको छ। सोही निर्णयमा संसारका सबै मुलुकका सरकार, अन्तराष्ट्रिय संघसंस्था, गैरसरकारी संस्था लगायत सबै सरोकारवालाहरुले पर्वतीय पारिस्थितिकीय प्रणालीको महत्वको प्रचार प्रसार हुने गरी वर्ष भरि विभिन्न कार्यक्रम आयोजना गर्न आह्वान समेत गरेको छ।

नेपालको झण्डै ८६ प्रतिशत भूभाग चुरे, महाभारत, उच्चपहाडी भूभाग र हिमाली भागले ओगटेको छ। हिमाली र पर्वतीय भूभागमा जलवायु परिवर्तनको प्रभाव तुलनात्मक रुपमा बढी हुने वैज्ञानिक अध्ययनहरुले पुष्टि गरिसकेको अवस्था छ। पर्वत र जोडिएका समथर भूभाग एक आपसमा प्रभावित हुने हुँदा पर्वतीय विषयको विश्वव्यापी चासो नेपालका लागि एउटा महत्वपूर्ण अवसर समेत हो।

यसै प्रसंगमा वन तथा वातावरण मन्त्रालयबाट २०७८ चैत्र ९ र १० गते पर्वतीय समस्याहरुको दिगो समाधानका लागि नीतिगत क्षेत्रीय बहस (Regional Policy Dialogue on Sustainable Mountain Solutions) कार्यक्रम आयोजना गरिनेछ। क्षेत्रीय बहस कार्यक्रमको समुद्घाटन तथा अन्तराष्ट्रिय पर्वतीय वर्षको नेपाली कार्यक्रमको शुभारम्भ **सम्मानीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाज्यू**बाट २०७८ चैत्र ९ गते चन्द्रागिरी हिल्स रिसोर्टमा हुने छ।

क्षेत्रीय बहस कार्यक्रमको प्राविधिक सत्रमा पर्वतीय वातावरणसंग सम्बन्धित पाँच वटा विधामा कार्यपत्रहरु प्रस्तुति र छलफल हुनेछ। तिनमा पर्वतीय अर्थतन्त्र, पर्वतीय जैविकविविधता तथा पारिस्थितिकीय प्रणाली, पर्वतीय संस्कृति, पर्वतीय महिला र पर्वत-समथर भूभाग बीचको अन्तरसम्बन्ध गरी पाँच विधा रहेका छन्। प्रत्येक प्राविधिक सत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय विज्ञहरु मध्येबाट २ वटा कार्यपत्र प्रस्तुत् हुने र हरेकमा दुई जना विज्ञहरुबाट कार्यपत्र माथि टिप्पणि हुनेछ। प्राविधिक सत्रहरुको समापन पश्चात् नेपालले राष्ट्रिय नीति तथा अन्तराष्ट्रिय मञ्चहरुमा उठाउनु पर्ने पर्वतीय मुद्दाका विषयहरु के के हुन सक्छन् तिनलाई बुँदागत रुपमा तयार गरी प्रस्तुत् गरिने छ।

दिगो पर्वतीय वर्ष मनाउने क्रममा सन् २०२२ भित्र नीति निर्माताहरुसंगको अन्तरक्रिया, मुस्ताङमा पर्वतीय सम्मेलन, जलवायु परिवर्तनको २७ औं सम्मेलनको लागि सुझाव संकलन गोष्ठी र अन्तराष्ट्रिय पर्वतीय दिवस कार्यक्रम आयोजना गर्ने योजना समेत रहेको छ।

अन्तरराष्ट्रिय पर्वतीय वर्ष मनाउने कार्यक्रममा नेपाल स्थित संयुक्त राष्ट्र संघीय नियोगहरु, अन्तराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र, विश्व वन्यजन्तु कोष, अन्तराष्ट्रिय संरक्षण संघ, विकास साझेदारहरु, गैर सरकारी संघ संस्था लगायतको सहकार्य र समन्वय रहने छ।

यसमा सबै संचारमाध्यम तथा संचारकर्मी साथीहरुबाट पर्वतीय वातारणको महत्व र नेपालमा यसको सान्दर्भिकताका सम्बन्धमा प्रचार प्रसार हुने अपेक्षा गरिएको छ।